नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं

पत्र संख्या:-

चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०७७/०८/२१

## प्रेस विज्ञप्ति

नेपाल सरकारको मिति २०७५।०३।३२ को निर्णय अनुसार गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले मिति २०७५।१०।०१ मा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरेको प्रतिवेदन भन्दै यही मिति २०७७।०८।१९ गते शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल र एनसिई नेपालको सदस्यसंस्था गोल्वल एक्सन नेपाल नामक गैह सरकारी संस्थाद्वारा नेपाल सरकारको निसाना छाप प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नामबाट प्रकाशन गरिएको प्रतिवेदन र यसलाई सार्वजनिक गरेको भन्ने विभिन्न सञ्चार माध्यममा आएका समाचार प्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । अनाधिकृत रूपमा उल्लेखित गैह सरकारी संस्थाहरूले यस मन्त्रालयको नाम र नेपाल सरकारको निशाना छाप प्रयोग गर्नुका साथै नेपाल सरकारमा रहेको प्रतिलिपी अधिकारको समेत उलंघन गरेको देखिएको हुँदा यस विषयमा प्रचलित कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाइसकिएको छ । यस प्रकारका कार्यमा संलग्न शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) र गोल्वल एक्सन नेपालसँग शिक्षाका क्षेत्रमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र मातहतका निकायले गर्दै आएको सहकार्य मिति २०७७।०८।२१ को निर्णय अनुसार आजैबाट लागु हुने गरी विच्छेद गरिएको छ । यस प्रकारका अनाधिकृत कार्य गर्ने संस्था वा निकायसँग मन्त्रालय र अन्तर्गतका निकायहरूबाट शैक्षिक कार्य गर्न गराउन कुनै पनि प्रकारको सिफारिस नहुने व्यहोरा समेत शिक्षामा संलग्न विकासका साझेदार लगायत सबैलाइ यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

(दीपक शर्मा)
सहसचिव एवम् प्रवक्ता

Scanned with CamScanner